# प्रस्तुत खजुरा गाउँपालिकाको आ.व. ०७६।०७७ को बजेट

यस खजुरा गाउँपालिकाको पाँचौ गाउँ सभाका सभाअध्यक्ष महोदय,
गाउँसभामा उपस्थित सभा सदस्यज्यूहरू,

म खजुरा गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २१ को उपदफा (३) सोही ऐनको दफा २७ अनुसार प्राप्त हुने रकम दफा ७१ ले दिएको अधिकार प्रयोग गरि खजुरा गाउँपालिकाको आ.व. ०७६।०७७ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवको महशुस गरी रहेको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याई पुराउन आफ्नो जिवन उत्सर्ग गर्नु हुने महान सहिदहरू प्रति उच्च श्रदाका साथ भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । यसै गाउँपालिकाको सहिद सेतु वि.क.लाई पनि स्मरण गर्न चाहान्छु । संघर्षको दौरानमा बेपत्ता, अपांग तथा घाइते हुनुभएका बीर योद्धाहरू र वहाँहरूका पीडित परिवाहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

राजनैतिक संघर्षको दौरानमा परिवारजनहरूले भोग्नु परेको पिडाको महशुस, परिवारको मुख्य सदस्य गुमाउदा साना साना नानीहरूलाई साथमा लिएर एकल जिवन विताउदाको पिडा स्वयंम मैले भोगी सकेकी छु यसमा कसैको दुई मत छैन म त्यस्ता एकल महिलाहरूलाई समेत आजको सभामा स्मर्ण गर्न चाहान्छु ।

हामी यस आ.व. ०७६।०७७ को बजेट प्रस्तुत गरिरहदाँ सम्म पनि कर्मचारी समायोजनबाट कर्मचारी पूर्ण रूपमा व्यवस्थापन हुन नसक्दा जनशक्तिको अभावैमा पनि मौज्जुदा कर्मचारीहरूबाट आवश्यक कानुन निर्माण गर्ने र बजेट तयार गरि प्रस्तुत गर्न सकेका छौ ।

खजुराबासीले खोजेको सेवा र चाहेको विकासका लागि हामीले संघिय सरकार, प्रदेश सरकार संगको सहकार्य, सहयोग र समन्वयबाट प्राप्त हुने श्रोत र हामीहरू संग भएको श्रोत साधनहरूको अधिक्तम प्रयोग गरि स्थानिय स्तरमा विकास गर्ने परिकल्पना गरेका छौ ।

यस गाउँसभाका सभा अध्यक्षज्यू,

खजुराले अंगिकार गरेको **"हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहना"** भन्ने मुल नारालाई टेकेर तयार पारेको र यसै सभामा गाउँपालिकाका अध्यक्षज्यूबाट प्रस्तुत गरिएको निति तथा कार्यक्रम, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यहरू, विज्ञ समुह, हाम्रा कर्मचारीहरूबाट प्राप्त सल्लाह र रचनात्मक सुझावलाई हृदयगमन गर्दै हामीले आ.व. ०७६।०७७ को बजेट तयार पारेका छौ ।

हामीले तेश्रो गाउँसभामा आ.व. ०७५।०७६ मा रू. ४८,८४,१७,०००।- को बजेट प्रस्तुत गरेका थियौ यस बजेटबाट हामीले अधिक्तम विकासका आधारहरू हात पार्न सफल भएका भयौ । सोही बजेटको परिचालन गरि केन्द्र सरकारबाट प्राप्त भएको समपुरक, प्रदेश सरकारबाट प्राप्त भएको समपुरक र पूर्वाधार विकास तर्फबाट प्राप्त भएको बजेट र गाउँपालिकाले आफैले विनियोजन गरेको बजेटबाट गाउँपालिकाको वडा नं. १, २, ३ र ४ नं. मा हामीले १८ कि.मि. बाटो कालो पत्रे सम्पन्न गर्ने तयारीमा रहेका छौ ।

गाउँपालिकाकाले कल्पना गरेको सुविधा सम्पन्न बहुउद्देश्यीय सभा हललाई ठेक्का प्रक्रिया पुरा गरि निर्माण व्यवसायीलाई २ वर्षमा सम्पन्न गर्ने गरि जिम्मा दिएका छौ ।

हामीले चौथो गाउँसभाबाट टुंगो लगाएको गाउँपालिकाको केन्द्र (खजुरा गाउँपालिका वडा नं.३ श्री शान्ति ने.रा.प्रा.वि. बि गाउँको जग्गा) मा अत्याधुनिक सुविधा सम्पन्न प्रशासनिक भवन लगायतका कार्यहरू गर्न इन्जिनियरिङ्ग परामर्शदाताबाट डिजाइन लागत स्टिमेट तयारी अन्तिम चरणमा रहेको र आ.व. ०७६।०७७ देखी नै निर्माण कार्य अगाडि बढाइने गरि बजेटमा व्यवस्था मिलाएको छु ।
गाउँपालिकाले वडा कार्यालयलाई उपलब्ध गराएको बजेट सिंलिंग भित्र रही यस चालु आ.व. मा भए गरेका कार्यहरू अधिक मात्रामा उल्लेखनिय रहेका छन् ।

दुई विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा अगाडि बढाएका छौ । भने वडा नं. ६ स्थित भानु मा.वि.लाई गाउँपालिकाकै यथोचित बजेटबाट प्राविधिक विद्यालयको खाका कोर्न सकेका छौ । हरेक विद्यालयहरूलाई भौतिक रूपमा सुसम्पन्न गर्न कटिवद्ध छौ । हामी गर्व महशुस गरि रहेका छौ यस गाउँपालिकाको सम्पूर्ण वडाहरू यस चालु आ.व.मा पूर्ण साक्षर वडा घोषणा गरि पूर्ण साक्षर गाउँपालिका घोषणा गर्न सफल भएकोमा ।

खजुरा गाउँपालिकाको आ.व. ०७४।०७५ मा रू.४०,९९,३९,७०६।६० आय र रू.३०,६५,९०,१७७।५१ व्यय गरि ७३.०५ प्रतिशत यथार्थ आय/व्यय भएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

खजुरा गाउँपालिकाले आ.व. ०७५।०७६ मा चालु तर्फ ३४,२०,३३०००।- र पुजिगत तर्फ १५,७३,८४०००।- गरि रू. ४९,९४,१७०००।- कुल विनियोजित भएको बजेटमा आषाढ मसान्त सम्म विनियाजित बजेटको ९० प्रतिशत शंसोधिन अनुमान गरिएको छ । जसमा गाउँपालिकाको सम्पूर्ण ध्यान विकासमा केन्द्रित भएको छ ।
सभाका अध्यक्ष महोदय,
अव म आर्थिक वर्ष २०७६।०७७ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
बजेटका उद्देश्यहरू तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु ।

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान हुने ।
२. उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त हुने ।
३. राजश्व परिचालनमा योगदान पुग्ने ।
४. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुग्ने ।
५. स्थानिय श्रोत र साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि गर्ने ।
६. लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।
७. दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थानमा योगदान पुग्ने ।
८. समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।
९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन हुने ।
१०. आधुनिक , व्यवस्थित र ग्रिन सिटीको विकास गर्ने ।
११. गाउँपालिकालाई शिक्षाको हव क्षेत्रको रूपमा विकास गर्ने ।
१२. दिगो विकास र वातावरण संरक्षण ।

बजेटका चुनौतिहरूः

१. सिमित श्रोत साधन हुनु ।
२. जनताको विकास प्रति तिव्र चाहाना ।
३. प्राकृतिक विपत तथा प्रकोप ।
४. भुमिहिन र अव्यवस्थित बसोबास ।

५. तिव्र सहरीकरणको विकास ।

६. खेति योग्य जग्गा भु-खण्डीकरण ।

बजेटका सम्भावना ः

१. राजश्वको ब्यापक श्रोतको पहिचान (सम्पत्ति कर लागु गरिनु)

२. विकासमा जनताको सहभागिता र सहयोग रहनु ।

३. ब्यवसायिक कृषि, पशुपालनमा जोड ।

४. सीप विकास र उधमशिलताको विकास गरि उधमी बनाउनु ।

५. ब्यवसायिक र प्रविधि मैत्री शिक्षामा जोड ।

सभा अध्यक्षज्यू,

अव म गाउँपालिकाको आ.व. ०७६।०७७ मा लगाइने कर सम्बन्धी जानकारी गराउन चाहान्छु ।

सभाका सदस्य महोदयहरू हामीले १ वर्ष अगाडि देखि सम्पत्ति कर कसरी लगाउन सकिन्छ भन्ने विषयमा सबै राजनैनिक दल, शिक्षक, बुद्धिजिवी पत्रकार, सम्पूर्ण वडाका वडा प्रतिनिधिहरू संग अन्तरक्रिया गरी सकेका छौं । हामीले वडा वडामा गएर सम्पत्ति कर सम्बन्धी जानकारी गराउने प्रयास गर्‍यौं तसर्थ अव हामी २०७६ श्रावण १ गते देखि खजुरा गाउँपालिकाको सम्पूर्ण वडाहरूमा पूर्णरूपमा सम्पत्ति कर लागु गर्ने गरि प्रस्ताव गरेको र सो लाई चाहिने जनशक्ति, सम्पत्ति कर सम्बन्धीको सफ्टवेयर लगायत भौतिक सुविधाका लागी बजेटको यथोचित ब्यवस्था गरेको छु । अन्य करहरूमा साविकमा लगाई आएको करहरूमा कुनै परिवर्तन नगरिएको भए गरेको करहरू सम्बन्धीत स्थानमा बुझाउन म सम्पूर्ण गाउँपालिका स्थित कर तिर्नु पर्ने दायित्व भएका ब्यक्ति, संघ, संस्था,सबैमा अनुरोध गर्दछु ।

गाउँपालिकाले सम्पत्ति कर लागु भए पछि छुट्टै भुमि (मालपोत) कर र घर धुरी कर लगाउने छैन घर तथा जग्गाको मुल्यांकन गरि मुल्यांकनका आधारमा कर असुल उपर गरिने छ यसमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

गाउँपालिकाका स्थित नेपाल सरकारकोको नाममा भएको, ऐलानी, प्रति, सार्वजनिक भनि किटान भएको जग्गाहरूमा यस आ.व. ०७६।०७७ देखि भोगचलन गर्दै आएका ब्यक्ति वा संघ संस्थाबाट आर्थिक ऐनमा कानुन बनाई बहाल विटौरी कर असुल उपर गरिने छ । यसबाट सम्पूर्ण जग्गाहरूको लगत ब्यवस्थापनमा सहयोग पुग्ने आशा गरेको छु ।

गाउँपालिकामा रजिष्ट्रेशन, विज्ञापन र मनोरञ्जन वापत प्राप्त हुने करहरूलाई छुट्टै विभाज्य कोष खडा गरि बैंक खाता खोली राखिने र प्रदेश सरकार र स्थानिय सरकारको संयुक्त कोषलाई प्रदेश कानुनमा तोकिए बमोजिम विभाजन गरे पश्चात आन्तरीक आयमा गणना गरिने ब्यवस्था मिलाईनेछ ।

सभाका अध्यक्षज्यू,

अव म गाउँपालिकामा राजश्वबाट प्राप्त हुने अनुमानित आय जानकारी गराउन चाहान्छु । गाउँपालिकामा निम्न शिर्षकबाट अनुमानित राजश्व प्राप्त गरी आन्तरिक आयमा गणना गरि राजश्वलाई आ.व. ०७६।०७७ मा बजेट खर्चमा समावेश गरेको छु ।

## (क) घर जग्गाको मुल्याकन

खजुरा गाऊं पालिकाले गाँऊपालिका क्षेत्रभित्रको घर जग्गाहरुमा देहाय बमोजिम घर जग्गाको न्यूनतम मुल्यांकन कायम गरि सम्पत्ति कर असुल उपर गर्ने छ ।

**घर मूल्यांकन दर**

| क.सं. | घर को न्यूनतम मुल्यांकन | प्रति वर्ग फिट | कैफियत |
|---|---|---|---|
| १ | इट्टाको देवाल लगाई ढलान गरेको घर | **८००।-** | |
| २ | पिलर लगाई ढलान गरेको घर | **१२००।-** | |
| ३ | फलामको ट्रष्ट लगाई बनाएको टहरो | ५००।- | |
| | **वर्ग फिटमा उल्लेख गर्न नसक्ने घरको हकमा** | | |
| क | कच्ची घर | ३ लाख | |
| ख | एक तले पक्की घर | १० लाख | प्रत्येक तलामा सोही अनुसार थप |

**जग्गाको मूल्यांकन निम्नानुसार हुने**

| क.सं. | जग्गा मूल्य | प्रति कठठा | कैफियत |
|---|---|---|---|
| १ | नेपालगंज गुलरिया सडक खण्डको वडा नं. ३,४ र ५ को राजमार्ग संग जोडिएको दाया बाया जग्गा | **रु. २५ लाख** | सबै खालको |
| २ | नेपालगंज गुलरिया सडक खण्डको वडा नं. ६ र ७ को राजमार्ग संग जोडिएको दाया बाया जग्गा | **रु. १५ लाख** | सबै खालको |
| ३ | पक्की सडकले छोएको वडा नं.३,४,५,६ र ७ नं. वडाहरु | **रु. १० लाख** | सबै खालको |
| ४ | पक्की सडकले छोएको वडा नं.३,४,५,६ र ७ नं. वडाहरु बाहेक अन्य वडाहरु | रु. ८ लाख | सबै खालको |
| ५ | ग्राभेल सडकले छोएको जग्गा | रु. ४ लाख | सबै खालको |
| ६ | कच्ची सडकले छोएको जग्गा | रु. २ लाख | सबै खालको |
| ७. | बाटोले नछोएको कित्ताको खेती योग्य जग्गा | रुं. १ लख | सबै खालको |
| ८. | नदि,खोला,बगर, कटान हुन सक्ने बाटोले नछोएको कित्ताको जग्गा | रु. ५० हजार | सबै खालको |

## (ख) सम्पत्ति कर

खजुरा गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले सम्पत्ति कर निम्न दररेट भित्र रही लागु गरि असुल उपर गर्ने छ ।

| सि.न | देखि | सम्म | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ५,००,००० | २५ | |
| २ | ५,००,००१ | १०,००,००० | १०० | |
| ३ | १०,००,००१ | १५,००,००० | १५० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | १५,००,००१ | २०,००,००० | २०० | |
| ५ | २०,००,००१ | २५,००,००० | २५० | |
| ६ | २५,००,००१ | ३०,००,००० | ३०० | |
| ७ | ३०,००,००१ | ३५,००,००० | ३५० | |
| ८ | ३५,००,००१ | ४०,००,००० | ४०० | |
| ९ | ४०,००,००१ | ४५,००,००० | ५०० | |
| १० | ४५,००,००१ | ५०,००,००० | ६०० | |
| ११ | ५०,००,००१ | ६०,००,००० | ८०० | |
| १२ | ६०,००,००१ | ७०,००,००० | १००० | |
| १३ | ७०,००,००१ | ८५,००,००० | १३०० | |
| १४ | ८५,००,००१ | १००,००,००० | १६०० | |
| १५ | १००,००,०००१ | १,१५,००,००० | २१०० | |
| १६ | १,१५,००,००१ | १,३०,००,००० | २६५० | |
| १७ | १,३०,००,००१ | १,५०,००,००० | ३३०० | |
| १८ | १,५०,००,००१ | १,७५,००,००० | ४३०० | |
| १९ | १,७५,००,००१ | २,००,००,००० | ५५०० | |
| २० | २,००,००,००१ | माथी जति सुकै भए पनि | प्रति लाख रु. ५० थप | |

## मालपोतको दर रेट

| जग्गाको वर्ग | दर प्रति कठठा रु. | जरीवाना | कैफियत |
|---|---|---|---|
| अव्वल | २५ | वार्षिक १० प्रतिशत | सवै खालको |
| दोयम | २० | वार्षिक १० प्रतिशत | खेतीयोग्य जग्गा |

सम्पत्ति कर लागु भए पछि छुट्टै भुमि कर उठाइने छैन । सम्पत्ति कर लागु हुनु अगाडिको बाँकी मालपोत (भुमि कर) साविकमा उल्लेख भएको दररेटमा नियमानुसार शुल्कको १० प्रतिशत वार्षिक जरिवाना लिई असुल उपर गरिने छ ।

## बहाल कर

खजुरा गाऊं कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ । निर्धारण गरेको दरमा गाउँपालिकाले १० प्रतिशत घरबहाल कर एंव अन्य वहाल कर उठाउने छ ।

## व्यवसाय करको दर (वार्षिक दर्ता तथा नवीकरण शुल्क)

| | | |
|---|---|---|
| १ | सबै खालको खुद्रा पसल (सुर्ति, मदिरा, गुट्का बाहेक) | ५०० |
| २ | किराना पसल(चामल, दाल, तरकारी, चिसो पेय पदार्थ समेत) | १००० |
| ३ | सुर्ति, मदिरा, गुट्काको खुद्रा पसल | १५०० |
| ४ | सबै खालको होल सेल, डिलर, डिष्ट्रीव्युटर | २००० |
| ५ | कपाल काट्ने नाईको पसल,पान पसल | ५०० |

| | | |
|---|---|---|
| ५ | कम्प्युटर टाइपिंग, फोटो कपी सेवा, पी.सी. ओ. सेवा आदि | ५०० |
| ६ | इन्जिनियरिंग सम्बन्धी परामर्शदाता (कन्सल्टेन्सी) | ३००० |
| ७ | साना उद्योग दर्ता शुल्क | १००० |
| ८ | मध्यम उद्योग दर्ता शुल्क | ३००० |
| ९ | ठुला उद्योग दर्ता शुल्क | १०००० |
| १० | (क) सेलर मिल (व्यवसायिक रुपमा आफ्नै ब्राण्ड विक्री गर्ने)<br>(ख) सेलर मिल (सेवा मुखी) कुटानी पिसानी गरिदिने /गर्ने | ५०००<br>१००० |
| ११ | एन.जी.ओ. दर्ता | १००० |
| १२ | सहकारी संस्था दर्ता | १००० |
| १३ | मेडिकल वा सर्जिकल पसल खुद्रा | १००० |
| १४ | मेडिकल वा सर्जिकल पसल होल सेलर | २००० |
| १५ | सुर्ति उद्योग वा मदिरा उद्योग | १५००० |
| १६ | व्यवसाय दर्ता (गैर नेपालीको नाउंमा सम्वन्धित दुतावासको सिफारिशमा) | १०००० |
| १७ | मेडिकल क्लीनिक | २००० |
| १८ | सामुदायिक अस्पताल | २५०० |
| १९ | व्यावसायिक अस्पताल तथा पोलिक्लिनिक | १०००० |
| २० | ल्याव/प्याथोलोजी | १००० |
| २१ | पेट्रोल पम्प | १०००० |
| २२ | ईट्टा भट्टा | २५००० |
| २३ | केशर तथा हयुम पाईप उद्योग | १५००० |
| २४ | निजी विद्यालय आधारभुत तहसम्म | १०००० |
| २५ | निजी विद्यालय माध्यमिक तहसम्म | १५००० |
| २६ | मन्दिर, मस्जिद, गुम्बा, चर्च आदी धार्मिक संस्था | ५०० |
| २७ | स-मिल/प्लाईउड मिल | १२००० |
| २८ | फर्निचर उद्योग | ३००० |
| २९ | फर्निचर शोरुम | ३००० |
| ३० | पानी उद्योग | ३००० |

| | | |
|---|---|---|
| ३१ | पाउरोटी/दालमोट/चाउमिन/मैनवत्ती/अगरबत्ती/सश उद्योग | १५०० |
| ३२ | अफसेट प्रेस/स्किन /भिडियो मिक्सीङ्ग/फलेक्स पिन्ट | १५०० |
| ३३ | जुत्ता उद्योग | १५०० |
| ३४ | ग्रिल उद्योग/आल्मुनियम पसल | १००० |
| ३५ | वर्कसप (गाडि/मोटरसाइकल) | २००० |
| ३६ | टेलरिङ्ग | १००० |
| ३७ | कस्मेटिक/व्युटिपार्लर | १००० |
| ३८ | घडी/रेडियो/मोवाइल/इलेक्ट्रोनिक्स पसल | १५०० |
| ३९ | इलेक्ट्रीकल पसल | १५०० |
| ४० | कपडा पसल (काचो कपडा) | १००० |
| ४१ | कपडा फेन्सी पसल | १००० |
| ४२ | चस्मा पसल | १००० |
| ४३ | एग्रोभेट | १००० |
| ४४ | हार्डवयेर सिमेन्ट,सरिया,जस्ता पसल | ५००० |
| ४५ | सिमेन्ट,सरिया, जस्ता वाहेक अन्य हार्डवयेर पसल | ३००० |
| ४६ | हार्डवयेर पसलमा कलर(रङ्ग) समावेश भएकोलाई थप | १००० |
| ४७ | साइकल पसल | १००० |
| ४८ | साइकल डिलर | ५००० |
| ४९ | घडी/रेडियो/टिवी/पंखा/साइकल मर्मत | ५०० |
| ५० | टेन्ट हाउस | १००० |
| ५१ | फलफूल/तरकारी पसल | ५०० |
| ५२ | भाडा पसल | १००० |
| ५३ | सिरक/डसना | १००० |
| ५४ | ग्यास सव-डिलर | १५०० |
| ५५ | होटल तथा लज | २५०० |
| ५६ | रेष्टुरेन्ट | १००० |
| ५७ | कटेज/पार्टी प्यालेस | २००० |
| ५८ | खाजा/चिया/मिठाई पसल | ५०० |

| | | |
|---|---|---|
| ५९ | सुन/चांदी सोरुम सहित पसल | ३००० |
| ६० | सुन/चांदी सोरुम बाहेक पसल | २००० |
| ६१ | **मासु पसलः** | |
| ६१.१ | कुखुरा/हांस मासु पसल | ७०० |
| ६१.२ | खसी/बोका/भेडा मासु पसल | १००० |
| ६१.३ | रांगो मासु पसल | २००० |
| ६१.४ | बंगुर मासु पसल | २००० |
| ६२ | **वित्तीय संस्थाः** | |
| ६२.१ | बैंक (बाणिज्य/विकास) | ५००० |
| ६२.२ | मनि ट्रान्सफर | ३००० |
| ६२.३ | सहकारी बैंक | ३००० |
| ६३ | गल्ला(खाद्यन्न खरिद/विक्री) | ५००० |
| ६४ | इन्टरनेट सेवा | ३००० |
| ६५ | लेखापरिक्षण/कानुनी सेवा/यस्तै अन्य सेवा | १५०० |
| ६६ | टायल /व्लक इट्टा उद्योग | १००० |
| ६७ | माछा /कुखुरा/भैसी/बाखा/गाई/बंगुर जस्ता कृषि फर्म र कृषि समुह | ५०० |
| ६८ | फर्महरुको सुचिकृत दस्तुर | ५०० |

**जडीबुटी कबाडी र जीवजन्तु कर :**
**दफा (६) संग सम्बन्धीत**

*जडिबुटी, कवाडी माल करको दररेट*

ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीबितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्नेछ । उल्लिखित मालसामानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यबिधि खजुरा कार्य पालिकाले तोके बमोजिम हुनेछ ।

क) कागजजन्य सामानका लागि प्रति किलोग्राम पचास पैसा ,
ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु एक,
ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु एक
घ) अन्यका हकमा प्रति किलोग्राम रु दुई

## सवारी साधन कर

गाऊंपालिका भित्र ठेगाना रहने गरि दर्ता भएका तथा गाऊंपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुनेः

क) ईन्जीनबाट चल्ने जुनसुकै दुई पाङग्रे मोटर साइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु एक सय ,

ख) कार, जीप, भ्यान वा यस्तै चारपाङग्रे सवारी साधनको वार्षिक रु पांच सय,

ग) टेम्पु र ट्र्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु एक हजार

घ) मिनि बस, मिनि ट्रक वा यस्तै चारपाङग्रे सवारी साधनको वार्षिक रु दुई हजार

ङ) ठुला बस, ट्रक वा चारपाङग्रे सवारी साधनको वार्षिक रु तिन हजार

च) हेभी गाडी, डोजर क्रेन,लोडर,रोलर वा यस्तै सवारी साधनको वार्षिक रु दश हजार

छ) अन्य सवारी साधनको वार्षिक रु एक हजार ।

ज) विद्युतीय उर्जाबाट संचालन हुने सवारी, कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा शत प्रतिशत छुट हुनेछ ।

## विज्ञापन कर

विज्ञापन करको दररेट

क) विज्ञापन कर निम्नानुसार हुने :

१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

३) बाटाको सीमाना देखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन
सामग्री राख्न पाइनेछैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै सरचनामा निर्माणकर्ताको नामबाहेक राखिएका जुनसुकै तस्बीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

५) भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका
प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा खजुरा गाऊं कार्यपालिकाबाट निषेध गरिएका बिज्ञापन प्रचार प्रशार गर्न पाईने छैन ।

**ख) विज्ञापन करको दर :**

१) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु एक सय,

२) होर्डिङ्ग बोर्ड, नियोन साईन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु तीन सय

३) डिजीटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु दुई सय,

४) माल बाहक सवारी साधनको दायाबाया पट्टीको भागमा अधिकतम दश स्कवायर फुटसम्मको लागि प्रति दिन रु दश र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रति वर्ग फुट रु पचास ,

५) खेलकुद मैदान , मेला , जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार
सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्कवायर फुटका लागि प्रति् दिन रु पचास र

६) सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्गा बीचको भाग, पछाडीको सीसा (सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र ) मुख्य झयालको माथि पट्टीको भेन्टीलेशमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्वायर फुट रु पचास ।

७) आकाशमा बेलुन,ज्याकेटमा वा बेलुन बोकेर गरिने विज्ञापन (प्रति दिन)रु. एकसय

८) अन्यको हकमा प्रति वर्ग फिट प्रति बर्ष रु. एक सय

## मनोरन्जन कर

### *मनोरञ्जन करको दररेट*

१) चलचित्र भवनहरुलाई चलचित्र प्रदर्शन गरेवापत प्रति चलचित्र प्रदर्शन स्थल (प्रति चलचित्र पर्दा) वापत वार्षिक निम्नानुसार मनोरन्जन कर असुलउपर गरिनेछ ।

१.१ अधिकतम तीस सीट क्षमता भएकाहरुले वार्षिक रु. १०,०००। (दश हजार)

१.२ अधिकतम पचास सीट क्षमता भएकाहरुले वार्षिक रु. २०,०००। (बीस हजार)

१.३ अधिकतम एक सय सीट क्षमता भएकाहरुले वार्षिक रु. ३०,०००। (तीस हजार)

१.४ एकसयदेखि माथिका सीट क्षमता भएकाहरुले वार्षिक रु. ५०,०००। (पचास हजार )

१.५ तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए वापत दैनिक रु. पचास मात्र ।

१.६ तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरन्जन प्रदायक कार्यक्रम संचालन गराए बापत मासिक रु तीन हजार

१.७ तारसहित रहेको केबुल सेवा रु. ३०००।-(तिन हजार)

## बहाल बिटौरी कर

गाऊपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएको अस्थायी पसलहरुमा तोकिए बमोजिम बहाल बिटौरी कर लगाउन सक्नेछ ।

क) हाट बजार मा प्रति वर्ग फिट मासिक रु. ५।००

ख) बाटोको छेउको अस्थायी पसल प्रति पसल रु. १००।०० मासिक

ग) ऐलानी जग्गा व्यवसायिक कार्यका लागि प्रति कठ्ठा रु. १००।०० प्रति महिना

घ) अन्य क्षेत्रको हकमा :

१) कृषि योग्य एलानी/प्रति/सार्वजनिक जग्गाः प्रति कठ्ठा रु. ५० वार्षिक

२) घरबासमा प्रयोग भएको बढीमा २ कठ्ठा सम्मको रु. ३०० वार्षिक

पार्किङ्ग शुल्कको दररेटः

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटिने गरी, भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा निजी

क्षेत्रलाई ठेक्का लगाई सवारी पार्किङ्ग व्यवस्थापन गर्न सक्ने । गाउँपालिकाले पार्किङ्ग स्थल बनाई व्यवस्था गरेमा गाउँसभाले तोके बमोजिम हुने छ ।

## ट्रेकिंग ,कोयोकिंग, क्यानोइंग, बन्जी जम्पिंग, जिप फलावर र ऱ्याफ्टिङ्ग शुल्क

यस संम्बन्धी व्यबस्था खजुरा गाऊं कार्यपालिकाले तोके बमोजीम हुनेछ ।

**सेवा शुल्क दस्तुर**

गाउँपालिकाले दिने सेवाको लागी निम्न वमोजिम सेवाशुल्क लगाउन सक्ने व्यबस्था गरेको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सामान्य सिफारिस | १००।०० |
| २ | नागरिकता सिफारिस | १००।०० |
| ३ | अंगीकृत नागरिकता सिफारिश | ३००।०० |
| ४ | विपन्न विद्यार्थी सिफारिश | निशुल्क |
| ५ | अपांङ्ग सिफारिश | निशुल्क |
| ६ | छात्रबृति सिफारिश | १००।०० |
| ७ | सर्जमिन सिफारिस | ३००।०० |
| ८ | जग्गा खरीद बिक्रि सिफारिश | ५००।०० |
| ९ | व्यवसाय दर्ता सिफारिश | ५००।०० |
| १० | व्यवसाय नामसारी सिफारिश | ५००।०० |
| ११ | व्यवसाय बन्द सिफारिश | ५००।०० |
| १२ | व्यवसाय संचालन नभएको सिफारिश (जति बर्ष भए पनि) | २००।०० |
| १३ | घर नक्सा पास सिफारिस | ५००।०० |
| १४ | घर कायम सिफारिश | ५००।०० |
| १५ | मोही लगत कट्टा | ५००।०० |
| १६ | चार किल्ला प्रमाणित (प्रति घडेरी) | ४००।०० |
| १७ | चार किल्ला प्रमाणित (खेती योग्य जमीन) | २००।०० |
| १८ | घर बाटो नभएको प्रमाणीत | २००।०० |
| १९ | नाता प्रमाणित | २००।०० |
| २० | जन्म दर्ता शुल्क(३५ दिन पछिकोहकमा) | ५०।०० |

| | | |
|---|---|---|
| २१ | मृत्यु दर्ता(३५ दिन भित्र निशुल्क) | ५०।०० |
| २२ | विवाह दर्ता  दस्तुर (३५ दिन नाघेमा) | ५०।०० |
| २३ | अंग्रेजिमा सिफारिस वा प्रमाणित दस्तुर | ५००।०० |
| २४ | जन्म/मृत्यु/विवाह/अविवाहित प्रमाणित | १००।०० |
| २५ | नागरिकता प्रतिलिपी सिफारिस | १५०।०० |
| २६ | पञ्जिकरण प्रतिलिपि | ५०।०० |
| २७ | नाम ,थर, जन्ममिति शंशोधन सिफारिस | ५००।०० |
| २८ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी (आवासीय/कृषि) | २००।०० |
| २९ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | ५००।०० |
| ३० | ट्रेस नक्सा निर्माण तथा प्रमाणित एक कित्ता माग भएमा | २००।०० |
| ३१ | ट्रेस नक्सा प्रमाणित एक कित्ता माग भएमा | २००।०० |
| ३२ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | ५०।०० |
| ३३ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | ५००।०० |
| ३४ | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | १०००।०० |
| ३५ | औद्योगिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | २०००।०० |
| ३६ | औद्योगिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ८००।०० |
| ३७ | व्यवसायिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | ८००।०० |
| ३८ | व्यवसायिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ५००।०० |
| ३९ | स्थानीय ठेगाना प्रमाणित सिफारिस | २००।०० |
| ४० | वडा सिफारिस दस्तुर | ००।०० |
| ४१ | मिलापत्र दस्तुर | ५००।०० |
| ४२ | जग्गा दर्ता सिफारिस प्रति कठ्ठा(घडेरी भएमा,न्युनतम एक कठठाको) | १००।०० |
| ४३ | जग्गा दर्ता सिफारिस प्रति विगाहा(खेती योग्य भएमान्युनतम एक विगाको) | ५००।०० |
| ४४ | राजिनामा/बकसपत्र सिफारिस | ५००।०० |
| ४५ | जग्गा सिमा विवादमा  सिमांकन  सेवा शुल्क | २०००।०० |
| ४६ | फिल्ड रेखांकन पहिलो कित्ता | २०००।०० |
| ४७ | फिल्ड रेखांकन थप प्रतिकित्ता | १०००।०० |

| | | |
|---|---|---|
| ४८ | कार्य अनुभव सिफारिश पत्र | ५००।०० |
| ४९ | नयाँ संस्था दर्ता  सिफारिश | २००।०० |
| ५० | नवीकरण सिफारिस | १००।०० |
| ५१ | आय स्रोत प्रमाणित सिफारिस (आयको) | ०।१०प्रतिशत |
| ५२ | निजी विद्यालय अपग्रेड सिफारिस | २०००।०० |
| ५३ | आधारभुत विद्यालय सम्मको लागि | १०००।०० |
| ५४ | मा.वि. सम्मको लागि | २०००।०० |
| ५५ | प्राथमिक विद्यालय दर्ता सिफारिश | १०००।०० |
| ५६ | उद्योग स्थापना सिफारिस | ५००।०० |
| ५७ | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | ५००।०० |
| ५८ | पशु वस्तु (राँगा भैंसी, गोरु) को निकासी सिफारिस प्रतिगोटा | ५०।०० |
| ५९ | खसी निकाशी सिफारीस प्रति गोटा | २०।०० |
| ६० | घर जग्गा नामसारी सिफारिश दस्तुर | ५००।०० |
| ६१ | कृषि फर्म दर्ता सिफारिश | १००।०० |
| ६२ | कमजोर आर्थिक अवस्था सिफारिश | १००।०० |
| ६३ | बलियो आर्थिक अवस्था सिफारिश | १०००।०० |
| ६४ | जडीबुटी निकासी सिफारिश प्रति किलो (न्युनतम रु. १०० लिइने छ) | १।०० |
| ६५ | बालुवा निकासी सिफारिश प्रति ट्रिप | ५०।०० |
| ६६ | फाराम शुल्क | १००।०० |
| ६७ | नक्सा पास निवेदन फाराम | १०००।०० |
| ६८ | अन्य सिफारीश | ५००।०० |
| ६९ | कु-काठ बाहेकका अन्य रुख कटान प्रति रुख | ४००।०० |
| ७० | कु-काठ रुख प्रति रुख | १५०।०० |

पर्यटन शुल्क :

<u>पर्यटक शुल्कको दररेट</u>

१) खजुरा गाऊं कार्य पालिकाले तोकेका स्थानहरुमा तोके बमोजिम पर्यटक शुल्क लिने छ ।

मैले माथी उल्लेखित करहरुलाई आर्थिक ऐन २०७६ मा समावेश गरि २०८६ श्रावण १ गते देखि लागु गर्न प्रस्ताव गरेको छु ।

सभाका अध्यक्षज्यू,

आ.व. ०७६।०७७ मा संघीय सरकार, प्रदेश सरकार बाट खजुरा गाउँपालिकामा प्राप्त हुने बजेट र आन्तरिक आय देहाय बमोजिम रहेको छ ।

## संघीय सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | २३,७८,००,००० |
| २. | समानिकरण अनुदान | १५,०३,००,००० |
| ३. | राजश्व बाडफाँडबाट | ११,०४,००,००० |
| | जम्मा | ४८,८६,००,००० |

## प्रदेश सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | ५,८०,००,००० |
| २. | समानिकरण अनुदान | ४७,६८,००० |
| ३. | राजश्व बाडफाँडबाट | ८२,९६,००० |
| ४. | विशेष अनुदान | ५२,००,००० |
| | जम्मा | ७,६२,६५,००० |

## आन्तरिक श्रोतबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | विभाज्य कोषबाट प्राप्त हुने | १,५३,१०,००० |
| २. | आन्तरिक राजश्व | १,४६,९०,००० |
| ३. | जि.स.स. बाट प्राप्त हुने रकम | ७८,००,००० |
| ४. | आ.व. ०७६।०७७ बाट बाँकी हुने रकम अ.ल्या. | ५,००,००,००० |
| | जम्मा | ८,७८,००,००० |
| | **कुल जम्मा** | **६६,२६,६५,०००** |

आ.व. ०७६।०७७ मा रू. ६६,२६,६५,००० जम्मा अनुदान प्राप्त भएकोमा सर्शत र विशेष अनुदानको रकम संघिय र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम बमोजिम रहने छ । यो बाहेकको गा.पा.मा प्राप्त हुने अनुदान र आय रू. ३६,१५,६५,००० मध्ये पुजिगत तर्फ रू. २२,७५,००,०००।- र चालु खर्च तर्फ १३,४०,६५०००।- को रकम देहाय बमोजिम विनियोजन गरेको छु ।

कार्यालय संचालन एंव प्रशासनिक खर्च तर्फः

| सि.नं. | खर्च संकेत नं. | खर्च शीर्षक | बार्षिक बजेट |
|---|---|---|---|
| १ | २१११११ | पारिश्रमिक कर्मचारी | १४०००००० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ७०००००० |
| ३ | २११२१ | पोशाक | ५०००००० |
| ४ | २११३२ | महंगी भत्ता | ५०००००० |
| ५ | २११३३ | फिल्ड भत्ता | ५०००००० |
| | २२७२० | सभा संचालन खर्च | १०००००० |
| ६ | २११३४ | कर्मचारीको बैठक भत्ता | ५०००००० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५००००० |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता | १५०००००० |
| ९ | २११४२ | पदाधिकारी अन्य सुबिधा | ७०००००० |
| १० | २११४९ | पदाधिकारी अन्य भत्ता | २०००००० |
| १२ | २१२१३ | योगदानमा आधारित निवृत्तीभरण | १०००००० |
| १३ | २१२१४ | कर्मचारी कल्याण कोष | १०००००० |
| १४ | २१२२४ | पदाधिकारी कल्याण कोष खर्च | २०००००० |
| १५ | २२१११ | पानी तथा बिजुली | १०००००० |
| १६ | २२११२ | संचार महसुल | ६०००००० |
| १७ | २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ५०००००० |
| १८ | २२२११ | इन्धन (पदाधिकारी) | ७०००००० |
| १९ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १०००००० |
| २० | २२२१३ | सवारी साधन मर्मत खर्च | ७०००००० |
| २१ | २२२१४ | बिमा तथा नवीकरण खर्च | १०००००० |
| २२ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४०००००० |
| २३ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत | ११०००००० |

| | | | |
|---|---|---|---|
| | | सम्भार खर्च | |
| २५ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५०००००० |
| २६ | २२३१४ | इन्धन - अन्य प्रयोजन | २०००००० |
| २७ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५००००० |
| २८ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | २००००० |
| २९ | २२४११ | सेवा र परामर्श खर्च | १२००००० |
| ३० | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००००० |
| ३१ | २२४१३ | करार सेवा शुल्क | १०००००००० |
| ३२ | २२४१४ | सरसफाई सेवा शुल्क | ५००००० |
| ३४ | २२५११ | कर्मचारी तालिम खर्च | ५००००० |
| ३७ | २२५२९ | विविध कार्यक्रम खर्च | ५००००० |
| ३८ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १०००००० |
| ३९ | २२६१२ | भ्रमण खर्च | १५०००० |
| ४० | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ५००००० |
| ४१ | २२६१९ | अन्य भ्रमण खर्च | २००००० |
| ४२ | २२७११ | विविध खर्च | ५०००००० |
| ४३ | २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५००००० |
| ४४ | २५३१५ | अन्य सहायता | ५००००० |
| ४६ | २७२१९ | अन्य सामाजिक सहायता | ७००००० |
| ४७ | २८१४२ | घर भाडा | ५००००० |
| ४८ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००००० |
| | जम्मा | | ६१९०००००० |

## कार्यालय संचालनका लागि पुजिगत खर्चः

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर खरिद | १,५००,०००.०० | |
| २ | सवारी साधन खरिद | ८,०००,०००.०० | |
| ३ | मेशिनरी औजार खरिद | २,०००,०००.०० | |
| ४ | भवन निर्माण (गा.पा.को कार्यालय) | २०,०००,०००.०० | |
| ५ | पुजिगत अनुसन्धान तथा परामर्श | ४०,००,०००.०० | |
| | जम्मा | ३,५५,००,०००.०० | |

## चालु भित्रका कार्यक्रम खर्च

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | ५००,०००.०० | |
| २ | लक्षीत वर्ग कार्यक्रम दलित/जनजाती/अपांग/मुस्लिम | २,०००,०००.०० | |
| ३ | खेलकुद विकास कार्यक्रम | २,०००,०००.०० | |
| ४ | भैपरि आउने विविध कार्यक्रम | ४,०००,०००.०० | |
| ५ | युवा स्वरोजगार कार्यक्रम | १,५००,०००.०० | |
| ६ | रेडियो कार्यक्रम पत्रपत्रिका विज्ञापन | १,५००,०००.०० | |
| ७ | लागुपदार्थ नियन्त्रण कार्यक्रम | ५००,०००.०० | |
| ८ | सुचना प्रविधि व्यवस्थापन | १,०००,०००.०० | |
| ९ | शुसासन अभिमुखिकरण/सामाजिक परिक्षण | ५००,०००.०० | |
| १० | सार्वजनिक जग्गा तालतलैया संरक्षण | ३००,०००.०० | |
| ११ | कर्मचारी खाजा/इन्धन सुविधा | १,२००,०००.०० | |
| १२ | जनता संग गाउँपालिका प्रमुख | २,०००,०००.०० | |
| १३ | बहृहत खजुरा सम्मेलन | ६००,०००.०० | |
| १४ | लागत सहभागिता कार्यक्रम | ५,०००,०००.०० | |
| १५ | गरिव असहायको लागि स्वास्थ्य विमा | ५००,०००.०० | |
| १६ | महिला विद्यालय ७ नं. वडा | ५००,०००.०० | |
| १७ | कर्मचारी/पदाधिकारीको अध्ययन अवलोकनभ्रमण खर्च | १,०००,०००.०० | |
| १८ | न्यायिक समिति खर्च | १,५००,०००.०० | |
| १९ | वडा कार्यालय संचालन खर्च | १,०००,०००.०० | |
| | जम्मा | २७,१००,०००.०० | |

## पुजिगत भित्र कार्यक्रम खर्चः

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | बाटो कालोपत्रे वडा नं.५,६,७ र ८ | ४०,०००,०००.०० | |
| २ | गा.पा. भित्रका पूर्वाधार सडक निर्माण सुधार | ३,०००,०००.०० | |
| ३ | बहुउद्देश्यि सभा हल निर्माण | २०,०००,०००.०० | |
| ४ | मनकामना धर्मशाला निर्माण | १०,००,०००.०० | |
| ५ | ह्यम पाइप खरिद | १,९००,०००.०० | |

| | | | |
|---|---|---|---|
| ६ | शित भण्डार निर्माण | ५,०००,०००.०० | |
| ७ | साझेदारीमा संचालन रहेको कोहलपुर बधशाला | १,०००,०००.०० | |
| ८ | राजु भुजुवाको घरदेखि मनकामना जाने बाटो | ३,०००,०००.०० | |
| ९ | सम्पूर्ण वडा कार्यालयहरूको योजनाको लागि | ५६,०००,०००.०० | |
| १० | वडा नं. ८ रनियापुरमा ल्याव संचालन | ५००,०००.०० | |
| ११ | जेष्ठ नागरिक खुसियाली घर वडा नं.३ (Happy Home) | १,०००,०००.०० | |
| १२ | निर्मित भौतिक पूर्वाधारको निर्माण मर्मत सम्भार | २५,००,०००.०० | |
| १३ | खेल मैदान निर्माण वडा नं.४ डि गाउँ | २,०००,०००.०० | |
| १४ | चिल्ड्रेन पार्क वडा नं. ३ | ५,०००,०००.०० | |
| १५ | प्राविधिक शिक्षा वडा नं.५ | १,५००,०००.०० | |
| १६ | सडक बत्ती जडान | १,०००,०००.०० | |
| १७ | गा.पा. भित्र खानेपानी मर्मत सम्भार | १,०००,०००.०० | |
| १८ | विपन्न आवास कार्यक्रम | २,५००,०००.०० | |
| १९ | जम्मा | १४,७०००,०००.०० | |

अव म संघ र प्रदेश संग साझेदारीबाट संचालन गर्ने योजनाहरूको लागि समपुरक कोषका लागि निम्नानुसार विनियोजन गरेको जानकारी गराउँदछु ।

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश समपुरक कोष | १५,०००,०००.०० | |
| २ | संघिय समपुरक कोष | ३०,०००,०००.०० | |

प्रदेश समपुरक कोषबाट खजुरा गाउँपालिका संग साझेदारीमा हुने योजनाहरूः

१. वडा नं. ८ चमकदारपुर देखि वडा नं. ७ बठुवा गाउँ हुदै नेपालगंज गुलरिया सडक खण्ड रू. ३ करोड

संधीय समपुरक कोषबाट खजुरा गाउँपालिका संग साझेदारीमा हुने योजनाहरूः

१. संघ समपुरक कोषबाट हुने योजनाहरू वडा नं. ५,६,७ र ८ मा आवश्यक्ता आधारित हुने छ ।

सभा अध्यक्ष महोदय,

अव म विषयगत शाखालाई विनियोजन गरेको बजेट पेश गर्ने अनुमति चाहान्छु ।

**क) कार्यालय तर्फका शाखाहरूः**

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ | २५,२६५,०००.०० | |
| २ | कृषि विकास शाखा | ६,०००,०००.०० | |
| ३ | स्वास्थ्य शाखा | ५,६००,०००.०० | |
| ४ | पशु विकास शाखा | २,०००,०००.०० | |
| ५ | महिला तथा बालवालिका शाखा | १,७००,०००.०० | |
| | जम्मा | ४,०५,६५,०००.०० | |

**ख) कार्यालय संग साझेदारी गर्ने अन्य क्षेत्रहरू**

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | लघु उद्योग तर्फ | १,५००,०००.०० | |
| २ | वन तथा वातावरण | ५००,०००.०० | |
| ३ | विपद व्यवस्थापन | ५००,०००.०० | |
| ४ | सहकारी क्षेत्र | २,०००,०००.०० | |
| | जम्मा | ४,५००,०००.०० | |

सभाका अध्यक्ष महोदय,

अव म माथि विनियोजन गरेको रू. ५ करोड ६० लाख भित्रका वडास्तरीय योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।

सभा अध्यक्षज्यू,

माथि पूजिगत तर्फको विनियोजीत बजेट भित्र रही गाउँपालिकाको तपसिलका गौरवका योजनाहरू पेश गरेको छु ।

१. खजुरा गाउँपालिकाको प्रशासनिक भवन निर्माण रू. २ करोड
२. खजुरा गाउँपालिकाले आ.व. ०७५।०७६ मा निर्माण आरम्भ गरेको बहुउद्देश्यि सभा हल रू. २ करोड
३. खजुरा गाउँपालिकाको शित भण्डार निर्माणका लागि रू. ५० लाख ।
४. खजुरा गाउँपालिका वडा नं. ५,६,७ र ८ मा निर्माण गरिने रू ४००,००,०००।- बराबरको रकमबाट करिव ४.५ कि.मि. बाटो कालो पत्रे ।
५. संघिय सरकारबाट प्राप्त हुने समपुरक रकमबाट निर्माण हुने वडा नं. ५,६,७ र ८ गरिने रू. ५ करोड को बजेटबाट करिव ६ कि.मि. कालोपत्रे बाटो ।
६. प्रदेश सरकारबाट प्राप्त हुने समपुरक रकमबाट निर्माण गरिने वडा नं.८ चमकदारपुर देखि वडा नं.७ को बठुवा गाउँ हुदै नेपालगंज गुलरिया सडक खण्ड सम्म करिव ३.५ कि.मि. बाटो कालोपत्रे गर्ने कार्य रू. ३ करोड ।
७. खजुरा गाउँपालिका वडा नं.३ मा निर्माण हुने चिल्डेन पार्क निर्माण रू. ५० लाख ।
८. खजुरा गाउँपालिका वडा नं.३ मा निर्माण गरिने जेष्ठ नागरिकहरूका लागि खुसियाली घर निर्माण रू. १० लाख ।
९. विपन्न नागरिकहरूका लागि आवास निर्माण ।
१०. खजुरा गाउँपालिका वडा नं.४ स्थित फुटवल खेल मैदान निर्माण रू. २० लाख

यस सभाका अध्यक्ष महोदय

बजेट प्रस्तुत गरिरहदा सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सबैको चाहाना र आवश्यकता अनुसार एकैचोटी बजेटमा सम्बोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चिततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । नागरिकहरूको आवश्यकता र चाहानाहरूलाई हामी क्रमिकरूपमा पुरा गर्दै जाने प्रण गर्दछौं । यसका लागि सबैसंग सकारात्मकरूपमा सहयोगको अपेक्षा लिएको छु ।

बजेट तर्जुमा संगसगै यसको कार्यान्वयन गर्ने महत्वपूर्ण पाटो रहेको छ । कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा संचालन आउन सके मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सबैमा अनुरोध गर्दछु ।

चालु आर्थिक वर्षको बजेटले हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहना को दीर्घकालीन सोचतर्फ अघि बढ्न मद्दत गर्ने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने सबै हार्दिक आभार प्रकट गर्दछु । विनियोजन विधेयक २०७६ का सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरी राजनीतिक दलका नेताहरू कार्यपालिकाका सदस्यहरू, विज्ञ, गाउँपालिकाका कर्मचारीहरूले दिनु भएको सुझावका लागि म अभारी छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, र सम्पूर्ण खजुरा वासी दिदीबहिनी दाजुभाईहरूमा हार्दिक धन्यवाद ब्यक्त गर्दै यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद